# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## प्रेस विज्ञप्ति

मिति २०८१।०२।२३

आम सिद्धलेकवासीहरु,

संघीयता कार्यान्वयन पश्चात भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई सिद्धलेक गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणमा अविछिन्न रुपमा समर्पित भएको पनि दुई वर्ष पूरा भइसकेछ । यस अवधिमा जनताका सामु व्यक्त गरिएका आश्वासन र प्रतिवद्धताहरु पूरा गर्न इमान्दारपूर्वक लागिरहेको कुरा देशभित्र र बाहिर रहनु भएका आम सिद्धलेकवासी आमावुवा दिदिवहिनी र दाजुभाई समक्ष अवगत गराउन चाहन्छु ।

निर्वाचित भएको शुरुवातदेखि नै काममा भाँजो हाल्ने र असहज वातावरण बनाउने चेष्टाहरु भए । गठबन्धनबाट निर्वाचित दल र पदाधिकारीबाट नै असहयोग, अवरोध र असहिष्णुता भई नै रहयो तर पनि म विचलित नभईकन सिद्धलेकवासीको हितको लागि आर्थिक / सामाजिक विकास र प्रभावकारी सेवा वितरणको लागि  नै रहेँ । मलाई यस कार्यमा सहयोग गर्ने जनप्रनिधि, कर्मचारी र आम सिद्धलेकवासी प्रति कृतज्ञ छु ।

निर्वाचनको समयमा दिइएको आश्वासन र निर्वाचित भए पश्चात हामीले लिएको दुरदृष्टिबाट अतालिएका कतिपय राजनीतिक दल र केही जनप्रतिनिधिहरुले समेत विभिन्न  कपोलकल्पित कूप्रचार गरी अवरोध सिर्जना गर्ने र विकासको गति रोक्ने वा खल्वलाउने काम गरी नै रहे र गरिरहेका छन् । यसै सन्दर्भमा राष्ट्रसेवक कर्मचारीमाथि सूनियोजित रुपमा कार्यकक्षमा प्रवेश गरी जारेजुलुम गर्ने, धाकधम्की दिने तथा कार्यवातावरण कठिन वनाउने प्रयासहरु भई नै रहे । एकातिर राष्ट्रसेवक कर्मचारी माथि विभिन्न तरिकाले हमला गरी मनोबल गिराउने र कार्यस्थलमा टिक्न नसक्ने वनाउने र अर्कोतिर सो को सम्पूर्ण जिम्मेवारी गाउँपालिका अध्यक्षलाई लगाउने योजनावद्ध प्रयासहरु भई नै रहे । यस्तो अवस्थामा पनि म विचलित नभई आफ्नो जिम्मेवारीमा इमान्दार पुर्वक लागि नै रहेको यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

राष्ट्रसेवक कर्मचारीले सरकारले दिएको निर्देशन पालना गर्ने, स्वीकृत नीति / कार्यक्रम बमोजिम  योजना / कार्यक्रम कार्यान्वयन गर्दछन् भन्ने सामान्य हेक्का समेत नराखी जिम्मेवार दल तथा तिनका नेता / कार्यकर्ताबाट नै कार्यकक्षमा प्रवेश गरी हुलहुज्जत गर्ने, जारेजुलुम गर्ने र मनोवल गिराउने प्रवृतिप्रति मेरो गम्भिर ध्यानाकर्षण भएको छ । सुनाउनुपर्ने केही कुराहरु भए निर्वाचित प्रतिनिधीलाई भन्ने हो ,  कर्मचारीलाई धम्क्याउने होइन । यसप्रति सवैको ध्यान जान म आग्रह गर्दछु ।

निर्वाचित जनप्रतिनिधिहरु संविधान / कानून बमोजिम बोलाएको बैठकमा अनुपस्थित हुने, उपस्थित भए पनि दस्तखत नगर्ने, दस्तखत गरेपनि निर्णय भएको छैन भन्ने, आफ्नो घरभित्रको कुरा गाउँपालिका अध्यक्षलाई थाहै नदिई अन्यत्र मुद्दा  मामिलामा जाने जस्तो गैरजिम्मेवार प्रवृतिले जनताले हामीलाई विश्वासका साथ दिएको जिम्मेवारी प्रति हामी कति प्रतिबद्ध छौं ? सोच्नुपर्ने वेला आएको छ । समयको गतिशिलतालाई कसैले छेकेर छेकिँदैन । आफ्नो जिम्मेवारी वोध गर्न नसक्नेहरुले सिद्धलेक गाउँपालिकाको सार्वजनिक पद प्राप्त गर्ने , सार्वजनिक सुविधा लिने अनि आँफु आवद्ध सार्वजनिक निकाय विरुद्ध नै अनर्गल प्रचार गरी मुद्धा मामिला गरिरहने प्रवृतिले लोकतन्त्रलाई गिज्याइरहेको छ ।

बाटो विराएर आधिकारिक बैठक र निर्णयबाट विश्वास्त हुन नसकेका जनप्रतिनिधीहरुलाई आत्मआलोचना गर्दै संविधान र कानूनले दिएको दायराभित्र रही गतिविधी सञ्चालन गर्न र हातेमालो गर्दै सिद्धलेकको हितमा अघि बढ्न आग्रह गर्दै विपक्षी दलहरुलाई पनि निर्वाचित प्रतिनिधिलाई रचनात्मक सहयोग गर्न हार्दिक अपिल गरेको जानकारी आम सिद्धलेकवासीलाई गर्दछु ।

२०८१/०२/२३

परशुराम खतिवडा
अध्यक्ष

Website: www.siddhalekmun.gov.np    Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner